**OKHALDHUNGA : ओखलढुङ्गा**
[Yearly Peer Reviewed Journal]
ISSN: 3021-9965
Year 1, Volume 1, Issue 1, April 2024
Published by Okhaldhunga Campus

# भाषा शैक्षणिक अनुसन्धानमा परिमाणात्मक अनुसन्धान विधिको उपयोग

**इन्द्रप्रसाद तिमल्सेना**

*Article History : Submitted 16 Jan. 2023; Reviewed 13 Feb. 2023; Accepted 25 March 2023*
*Author : Indra Prasad Timalsena* *Email: indralaxmi76@gmail.com*

**लेखसार**

*प्रस्तुत अध्ययन भाषा शैक्षणिक खोज अनुसन्धानका क्षेत्रमा परिमाणात्मक विधिको प्रयोगबारे चर्चा गर्न केन्द्रित छ । सन्दर्भगत चर्चाका सिलसिलामा भने यहाँ गुणात्मक र मिश्रित अनुसन्धानका विषयमा पनि चर्चा गरिएको छ । नयाँ विषयको खोजका लागि विभिन्न प्रकारका विधिहरू अपनाइन्छन् । अनुसन्धान कार्य गर्दा कहिले कुनै स्थापित सिद्धान्तलाई आधार मानिन्छ भने कहिले विभिन्न व्यवहारको अध्ययन गरी निष्कर्षमा नयाँ सिद्धान्त प्रतिपादन गरिन्छ । पूर्वस्थापित सिद्धान्तको प्रकाशमा अनुसन्धान गर्न र सिद्धान्तका सुधारात्मक पक्ष सुधारी परिणामको सामान्यीकरण गर्न परिमाणत्मक विधि नै बढी वैज्ञानिक हुन्छ । तर पनि यसलाई वस्तुगत बनाउने नाममा हुन जाने यान्त्रिकताको सम्भावना घटाउन परिमाणात्मक खोजका निष्कर्षका सामाजिक आदि कारण पर्गेली समावेश गर्न सके झन् प्रभावकारी हुने निष्कर्षमा पुगिएको छ । त्यस अघि अनुसन्धानको अर्थ, परिभाषा, प्रकार , तिनको शैक्षिक तथा भाषा शैक्षणिक प्रयोग बारे चर्चा गरी छलफलका आधारमा निष्कर्षमा पुगिएको छ । यो लेख तयारीका क्रममा सैद्धान्तिक अवधारणा निर्माणका लागि र सन्दर्भगत चर्चाका क्रममा विभिन्न पुस्तक तथा लेख रचनाहरू अध्ययन गर्न पुस्तकालयीय अध्ययनमा जोड दिएको छ ।*

**मुख्य शब्दहरू** -परिमाणात्मक विधि , गुणात्मक विधि , भाषा शैक्षणिक अनुसन्धान , मिश्रित विधि ।

## पृष्ठभूमि

अनुसन्धान भन्नाले कुनै पनि विषयक्षेत्रमा नयाँ कुरा खोज गर्न अपनाइएको व्यवस्थित र वैज्ञानिक अध्ययनलाई बुझिन्छ । पराजुली र अन्य (सन् २०१३) ले मानिसले आफूमा उत्पन्न चासो तथा जिज्ञासालाई पूर्ण गर्न कुनै परिघटनालाई बुझ्ने त्यस परिघटनामा निहित तथ्यहरूको अन्तरसम्बन्ध विष्लेषण गर्ने नयाँ नयाँ तथ्यहरू पत्ता लगाउने कारण, प्रभाव र सम्बन्ध पहिचान गर्ने आदि कार्यहरूको अनुसन्धानात्मक प्रक्रियाको क्षेत्र विकास हुदै गएको बताएका छन् (पृ. ३) । खनाल (२०७४) का अनुसार ज्ञानको खोजी गर्ने, प्रतिपादित ज्ञानको प्रमाणिकता र वैधता परीक्षण गर्ने तथा ज्ञान प्राप्तिका सन्दर्भमा आलोचनात्मक दृष्टिकोण राख्ने अध्येताको रूपमा सक्षम बनाउने उद्देश्यले गरिने व्यवस्थित , खोजमुलक अध्ययनलाई अनुसन्धान भनिन्छ (पृ : १) । शर्मा (२०७४) कुनै समस्याको समाधानका साथै ज्ञानको वृद्धिका लागि वैज्ञानिक विधिबाट गरिने अध्ययनलाई सोध वा अनुसन्धान भनिन्छ भन्दछन् (पृ : ५२) । यसरी हेर्दा समाजमा राजनीति धर्म परिवार, नाता, कानुन, साहित्य, शिक्षा, कला, भूगोल, इतिहास, आर्थिक स्थिति, मनोविज्ञान आदिको क्षेत्रमा नयाँनयाँ अवधारणा, मान्यता र दृष्टिकोण विकास हुनुका साथै प्रत्येक तहको सञ्चालनको प्रक्रियामा नयाँनयाँ शैली र ढाँचाको विकास भएको छ । प्रत्येक तहमा थपिएका जटिलताले समाजमा अनेकौँ विचलन समस्या र प्रभावहरू पारिराखेका छन् । यसैगरी नयाँ सामाजिक ढाँचामा संयोजन हुनका लागि निर्दिष्ट प्रणलीहरूको विकास गर्नु पर्ने अवस्था पनि छ । मानव समाजमा नयाँ थप कुरा जान्ने बुझ्ने कौतुहलता र चाहना एकातिर छ भने अर्कातिर समाजमा घटिरहेका घटना समस्या व्यवहार तथा मान्यताहरू किन र कसरी स्थापित हुन गए भन्ने वारेमा मानव कौतुहलता र जिज्ञासा बढिरहेको छ । यिनै कौतुहलता र जिज्ञासाको समाधान गरी निष्कर्षमा पुग्ने कार्यलाई अनुसन्धान भनिन्छ । मानिसमा उत्पन्न यस्तै जिज्ञासा र कौतुहलताको समाधानार्थ खोज गर्नुसँग अनुसन्धानको अर्थ सम्वन्धित छ । यो लेख परिमाणात्मक अनुसन्धानको परिचय दिने तथा नेपाली भाषा शिक्षणसम्बन्धि अनुसन्धानमा परिमाणात्मक विधिको प्रयोग गर्नसक्ने अवस्था कस्तो छ भन्ने सन्दर्भमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्ने उद्देश्यमा केद्रित छ ।

## शैक्षिक अनुसन्धान

शिक्षासँग सम्बन्धित अनुसन्धानलाई शैक्षिक अनुसन्धान भनिन्छ निउरे (२०७२) ले शिक्षा क्षेत्रमा देखापरेका समस्याहरूको पहिचान गरी समाधानमा उपायहरू पत्ता लगाउन अनुसन्धानका विधि र प्रक्रियालाई उपयोग गरिएपछि यो शैक्षिक अनुसन्धानको रूपमा विकसित भएको तर्क गरेका छन् (पृः ३) । खनाल (२०७४) ले शिक्षा क्षेत्रका विषयवस्तु र समस्यामा केन्द्रित रहेर गरिने अनुसन्धानलाई शैक्षिक अनुसन्धानका रूपमा चिनाएका छन् (पृ : ७) । यसरी हेर्दा शिक्षा क्षेत्रमा परेका समस्याको पहिचान गर्नु र तिनको समस्यालाई न्युनीकरण गरी शैक्षिक प्रक्रियामा सुधार गर्ने प्रक्रियाबाट प्रेरित भई गरिने अनुसन्धान नै शैक्षिक अनुसन्धान हो भन्ने स्पष्ट हुन्छ । शिक्षा क्षेत्रमा कुनै विकास तथा सुधार गर्न स्थापित सिद्धान्त प्रयोग गरी शैक्षिक समस्याको हल गर्न कक्षा कोठाका समस्याहरू पत्तालगाई तुरुन्तै सुधार गर्न उपयुक्त

शैक्षिक नीति निर्माण गर्न, शिक्षकको शिक्षण सीपमा सुधार गर्न, वैयक्तिक भिन्नताका आधारमा शिक्षण गर्न शिक्षा क्षेत्रमा नवीन प्रविधिको प्रयोग गर्न, शैक्षिक प्रशासनमा सुधार ल्याउन, सान्दर्भिक पाठ्यक्रमको निर्माण गर्न तथा मूल्यङ्कनको उचित तरिकाको निर्धारण गर्न शैक्षिक क्षेत्रमा अनुसन्धान कार्य अपरिहार्य छ । यी कार्यहरू केवल शिक्षा क्षेत्रका मौलिक विषय होइनन्, समाजका हरेक क्षेत्रसँग अन्तरसम्बन्धित विषय हुन् । विद्यालय तथा शिक्षा क्षेत्र भन्नु पनि समाजको एउटा एकाइ हो । समाजका वहुआयामिक विषय क्षेत्र शैक्षिक विषयसँग गाँसिएर आउने हुनाले शैक्षिक अनुसन्धान एक किसिमको अन्तरविषयक अनुसन्धान हो ।

**अनुसन्धानका प्रकार**

अनुसन्धानका सिलसिलामा अनुसन्धानकर्ताको सत्यप्रतिको विश्वास, अनुसन्धानसम्बन्धि उसले सुनिश्चित गरेको प्रतिमान, तिनका आधारमा छानिएका बिधिशास्त्र र बिधिको मातहतमा रही चयन गरिएका साधन र प्रक्रियाहरूका आधारमा अनुसन्धानका प्रकारहरू सुनिश्चित हुन्छन् । मूलतः परिमाणात्मक, गुणात्मक र मिश्रित गरी तीन प्रकारका अनुसन्धान पद्धति रहेका छन् । यहाँ यी तीनै अनुसन्धान पद्धतिको सङ्क्षिप्त चिनारी प्रस्तुत गरिन्छ ।

**परिमाणात्मक अनुसन्धान :**

परिमाणात्मक अनुसन्धान मानिसले प्राप्त गर्ने ज्ञान उसको तार्किक क्षमताका आधारमा निर्धारण हुन्छ भन्ने दार्शनिक विश्वासमा आधारित छ । बिभिन्न विद्वानहरूका परिभाषाहरूको विश्लेषण गर्दै पराजुली र अन्य (सन् २०१३) ले परिमाणात्मक अनुसन्धान तथ्याङ्कशास्त्रीय प्रक्रियाहरू तथा सङ्ख्यात्मक मानहरूको ब्याख्या तथा विश्लेषण गरी गरिने अनुसन्धान रहेको र यो वैज्ञानिक विधिमा आधारित रहने साथै यसले प्रमाणित तथ्याङ्कको प्रयोगद्धारा वस्तुगत प्रक्रिया अपनाई अनुसन्धानको निष्कर्ष निकाल्दछ भनेका छन् । परिमाणात्मक अनुसन्धानले प्रयोगमा आधारित औपचारिक प्रमाणहरूद्धारा नतिजा निकाल्दछ, यसका प्रत्येक कार्यविधि तथा साधनहरू पूर्व निर्धारित हन्छन् तसर्थ यो अनुसन्धान संरचनात्मक प्रकृतिको । बस्तुगत हुने उनीहरूको भनाइ रहेको छ (पृ : ९१) ।

लामिछाने (२०७४) का अनुसार "कुनै पनि अवस्था, समस्या प्रक्रिया र घटनालाई अध्ययन गर्ने क्रममा त्यसलाई प्रभावित गर्ने चरहरूको परिमाणलाई प्रत्यक्ष मापन गरेर प्राप्त हुने तथ्याङ्कलाई तथ्याङ्कशास्त्रीय विश्लेषण गरी निश्कर्षमा पुग्ने अनुसन्धानलाई परिमाणात्मक अनुसन्धान भनिन्छ"(पृ:९) यो निगमनात्मक विश्लेषण पद्धतिमा आधारित हुन्छ ।

यसरी हेर्दा परिकल्पना परिक्षणका लागि व्यावहारिक जीवनमा केन्द्रित विषय वा समस्याका बारेमा अनुसन्धान गर्न सर्वेक्षण , अवलोकन अन्तवार्ता आदि विधिको प्रयोग गरी तथ्यङ्क सङ्कलन गरेर , प्राप्त तथ्यङ्कहरूलाई चार्ट डायग्राम टेवल तथा केन्द्रिय प्रवृत्तिका नाप , सहसम्बन्ध प्रतिगमन विष्लेषण आदि

विधिको प्रयोग गरी तथ्यङ्कहरूको विष्लेषण गरी निष्कर्षमा पुग्ने काम परिमाणात्मक अनुसन्धानमा गरिन्छ भन्ने स्पष्ट हुन्छ ।

परिमाणात्मक अनुसन्धान positive प्रतिमानमा आधारित भई गरिन्छ । यसमा प्रक्कल्पना सुनिश्चित गरी अनुसन्धान कार्य प्रारम्भ गरिन्छ । पूर्वस्थापित सिद्धान्तको परिधीमा रही सो सिद्धान्तको मार्गदर्शनमा अनुसन्धान गरी निष्कर्षमा पुग्ने काम हुन्छ । परिमाणात्मक अनुसन्धानबाट प्राप्त निष्कर्षलाई सामान्यीकरण गर्न सकिन्छ । यस प्रकारको अनुसन्धान निगमनात्मक प्रकृतिको हुन्छ ।

**गुणात्मक अनुसन्धान :**

गुणत्मक शब्दको प्रयोग कुनै पनि समग्रता वा वस्तुहरूको गुणलाई जनाउन हुन्छ । यस्ता गुणहरू वा प्रक्रियाहरूको अर्थलाई परिणाम, सङ्ख्या, सघनता वा आवृत्तिका माध्यमवाट परीक्षण गरी मापन गर्न सकिँदैन । तसर्थ गुणात्मक अनुसन्धानकर्ताहरू वास्तविकताको सामाजिक रूपमा हुने निर्माण अध्ययन गरिनुपर्ने कुरा र अनुसन्धानकर्ता बीचको नजिकको सम्बन्ध र सोधखोजलाई प्रभाव पार्ने परिस्थितिगत अवरोधहरूमा जोड दिन्छन् ।

गुणात्मक अनुसन्धानको जोड बहुआयामिक छ । बहुआयामिक जोड हुनुको अर्थ यसले सत्यको एकत्वलाई अस्वीकार गर्छ भन्नु हो । यो विषयगत, अन्तर विषयगत र एक भन्दा वढी सत्यमा आधारित हुन्छ । पराजुली र अन्य (सन् २०१३) "प्राकृतिक अवस्थामा विषयगतता र तत्कालिक ढाँचाको उपयोगद्वारा व्याख्यात्मक (शाब्दिक) सूचना वा जानकारीहरू सङ्कलन गरी अनुसन्धानको नतिजा प्राप्त गरिन्छ, यस्तो अनुसन्धानलाई गुणात्मक अनुसन्धान भनिन्छ" भन्दछन् । खनाल (२०७४) ले " विभिन्न अवस्था प्रक्रिया समस्या तथा घटनाको विश्लेषणका क्रममा तिनीहरूलाई साङ्ख्यिक मानमा वदलिँदैन, कुनै अवस्था घटना प्रक्रिया तथा समस्याहरूको अध्ययन गर्ने उद्देश्यले नामरूपी तथा क्रमागत स्केलमा मापन गरिएका वा शाब्दिक रूपमा सङ्कलन गरिएका, असाङ्ख्यिक तथ्याङ्कहरूलाई तार्किक विधिद्वारा विश्लेषण गरी निष्कर्षमा पुगिने अनुसन्धानलाई गुणात्मक अनुसन्धान भनिन्छ ।" भनेका छन् (पृः १२३) ।

यसरी हेर्दा यो शाब्दिक तथ्याङ्कमा आधारित आगमनात्मक खोज हो र यो व्याख्यात्मक प्रकृतिको हुन्छ भन्ने स्पष्ट हुन्छ ।

**मिश्रित (गुणात्मक/सङ्ख्यात्मक) अनुसन्धान :**

गुणात्मक (शाब्दिक तथ्याङ्क प्रयोग हुने) र परिमाणात्मक (सङ्ख्यात्मक तथ्याङ्क प्रयोग हुने) अनुसन्धानमा एउटै अनुसन्धान कार्यमा आवश्यकता अनुसार प्रयोग गरिने विधिलाई मिश्रित विधि भनिन्छ । लामो समयसम्म यी दुई अनुसन्धान विधि बीच द्वन्द्व चलिरहयो एक अर्काले एक अर्काको अस्तित्व अस्वीकार गर्दै निषेध गरिरहे । परिमाणात्मक अनुसन्धानकर्ताले आफ्नो अनुसन्धानलाई प्रामाणिक र विश्वसनीय विधिको रूपमा व्याख्या गरेर गुणात्मक विधिलाई वर्णनात्मक र अनुभवमुखी आलेखका रूपमा आलोचना गरे भन्दै, खनाल (२०७४) लेख्छन् :

गुणात्मक अनुसन्धानकर्ताहरूले पनि आफ्नो अनुसन्धान सामाजिक वातावरणको गहिराइ सम्म पुग्न सक्ने र यथार्थलाई व्यक्तिको अनुभवसम्म पुगेर उजागर गर्न सक्ने अनुसन्धानको रूपमा व्याख्या गरेर परिमाणात्मक अनुसन्धानलाई सतही अपुष्ट र प्राविधिक मात्र रहेको भनी आलोचना गरे । हाल आएर भने दुवैले एक अर्काको अस्तित्वलाई स्वीकार गरी दुवै किसिमको अनुसन्धानलाई एक अर्काको परिपूरकको रूपमा स्वीकार र व्याख्या गर्न सफल भएका छन् । यसैको फलस्वरूप अहिले एउटै अध्ययन भित्र परिमाणात्मक र गुणात्मक ढाँचालाई उपयोग गरी मिश्रित स्वरूप दिन थालिएको छ । यस प्रकार एउटै अध्ययनमा दुवै प्रकारको विधिलाई प्रयोग गरिने अनुसन्धानको स्वरूपलाई मिश्रित अनुसन्धान ढाँचा भनिन्छ (पृ: १८९) ।

मिश्रित अनुसन्धान विधिले कुनै पनि सामाजिक विषय वा समस्याको अध्ययन तथा अनुसन्धानमा गुणात्मक र सङ्ख्यात्मक मिसिएको मिश्रित विधिको प्रयोग गर्दछ । सामाजिक जीवनको जटिलता बुझ्नको लागि वा सामाजिक प्रवृत्ति र परिवर्तन बुझ्नका लागि गुणात्मक वा सङ्ख्यात्मक एक विधि मात्र पर्याप्त हुँदैन भन्ने मान्यता राख्दछ । कुनै पनि एउटा अनुसन्धानमा गुणात्मक र मात्रात्मक प्रकृति बोकेका सवाल तथा घटनाक्रमहरू हुन्छन् । त्यस अवस्थामा गुणात्मक सङ्ख्यात्मक मिश्रित विधिको प्रयोग हुन्छ । आजका अनुसन्धानहरूमा यसको विधि एक पक्षीय नभई बहुपक्षीय हुने गरेको छ । किनभने कुनै पनि घटना र विषयको अध्ययन विषयगत तथा वस्तुगत दुवै तरिकाले गर्नुपर्ने हुन्छ । तसर्थ आज सामाजिक शैक्षिक अनुसन्धानका क्षेत्रमा यो अनुसन्धान विधि व्यवहारिक र लोकप्रिय बन्दै गएको छ ।

**शैक्षिक अनुसन्धानमा परिमाणत्मक विधिको प्रयोग :**

शिक्षा क्षेत्र समाजसापेक्ष क्षेत्र हो । जाति, भाषा, धर्म, संस्कृति, अर्थ, राजनीति जस्ता समाजलाई प्रभावित गर्ने सामाजिक तत्वहरूको प्रभाव शिक्षा क्षेत्रमा पनि प्रत्यक्ष रूपमै पर्ने भएकाले शैक्षिक अनुसन्धान पनि सामाजिक अनुसन्धानको अभिन्न अङगको रूपमा रहेको हुन्छ । समाजको शैक्षिक सन्दर्भ, बजारको आवश्यकता , शिक्षाको नीति , शैक्षिक व्यवस्थापन , सञ्चालन, जनशक्ति उतपादन व्यवस्थनपन, नीति निर्माण कार्यन्वयन, पाठ्यक्रम, पाठ्यपुस्तक शैक्षणिक रणनीति , मूल्यङकन पद्धति, विद्यार्थीको वृद्धि विकास जस्ता मनोवैज्ञानिक पक्ष , उनीहरूको उपलब्धी स्तर मापन र सुधारजस्ता सवाल शिक्षा क्षेत्रमा ज्वलन्त रूपमा आइरहन्छन् । कुनै पनि विषयलाई आधार बनाएर अनुसन्धान गर्न सकिन्छ । यस्तो अवस्तामा निर्क्यौल गरिएको समस्याको प्रकृतिको आधारमा अनुसन्धान पद्धती सुनिश्चित गरिन्छ । विषेश गरी अनुसन्धानको क्षेत्रमा मूख्यत: परिमाणात्मक अनुसन्धान विधिको प्रयोग नै प्रभावकारी हुने तर्क गर्दै राय (सन् २००१) मनोवैज्ञानिक विषयक्षेत्रका अध्ययन वैज्ञानिक र व्यवस्थित विधिका रूपमा परिमाणत्मक विधिको प्रयोग गरी गरिने कुरा बताउछन् (पृ: २९) । यसैगरी राय अगाडि लेख्दछन् । शैक्षिक अनुसन्धान विधि अन्तरविषयक हुन्छ , मूलत: यसमा स्थापित सिद्धान्तको आधारमा गरिने निगमनात्मक पद्धति अपनाइन्छ, तथ्यमा आधारित भई  गरिने अनुसन्धानमा जोड दिइने भएकाले शैक्षिक अनुसन्धानलाई यान्त्रिक

हुन नदिन होस गर्दै मूलतः परिमाणात्मक अनुसन्धान विधि अपनाइन्छ । यसरी हेर्दा शैक्षिक अनुसन्धानका क्षेत्रमा परिमाणातमक अनुसन्धान विधिको निकै महत्त्व छ (पृ:२९) । माथि नै चर्चा गरियो, बिशुद्ध परिमाणात्मक बिधि अपनाएर गरिने अनुसन्धान बढी यन्त्रिक हुने र बिशुद्ध गुणात्मक अनुसन्धान पनि ज्यादा भावुक प्रकृतिको हुने हुनाले मिश्रित पद्धति नै अधिकतर उपयोगमा आउन थालेको पाइन्छ । जे होस अनुसन्धानमा परिमाणात्मक बिधि बेवास्ता गर्न नसकिने बिधि हो भन्ने स्पष्ट छ ।

**भाषिक अनुसन्धानमा परिमाणत्मक विधिको प्रयोग :**

अनुसन्धान मानवीय ज्ञान वृद्धि गर्ने अद्दितिय साधन र वैज्ञानिक कार्य हो । भाषा शिक्षण सिकाइका क्षत्रमा पनि वैज्ञानिक खोज अनुसन्धानका फराकिला सम्भावना अन्तरनिहित छन् । स्रोत तथा लक्ष्यभाषिक प्रभाव सामाजिक तथा मनोभाषाविज्ञान, ध्वनी विज्ञान लगायत सैद्धान्तिक भाषा वैज्ञानिक क्षेत्र भाषा शिक्षण भाषिक मूल्यङ्कन , पाठ्यक्रम निर्माण तथा पाठ्यपुस्तक लेखन भाषा तत्व तथा विधा शिक्षण विद्यार्थीका भाषा सिकाईगत उपलब्धी मापन मूल्यङकन सुधार व्यतिरेकी विष्लेषण संकथन विष्लेषण कोश निर्माण भाषिक क्षमताको अध्ययन आदि क्षेत्रमा अनुसन्धान गरी निष्कर्षमा पुग्न सकिन्छ । भट्टराई (२०७३) का अनुसार भासषक अनुसन्धानसँग सम्बन्धित दुई पाटा छन् । (अ) भाषासँग सम्बन्धित अध्ययन र (आ) भाषा शिक्षणसँग सम्बन्धित अध्ययन । भाषासँग सम्बन्धित अध्ययन भाषाको उत्पत्ति भाषाको वर्गीकरण, भाषिका, भाषाका विशेषताहरू, भाषिक तत्वहरू आदि कुराको अध्ययन गरिन्छ । यस्ता प्रकृतिका अनुसन्धान वस्तुगत प्रकृतिको हुनेहुदा परिमाणात्मक बिधिको प्रयोग गरिन्छ । भाषाशिक्षणसँग सम्बन्धित अनुसन्धानमा भाषिक सिपहरूको शिक्षण, कथा, कविता, निबन्ध, जीवनी आदीको शिक्षण व्यतिरेकी विष्लेषण त्रुटी विष्लेषण भाषा पाठ्यक्रम भाषा पाठ्यपुस्तक आदी विषय पर्दछन् । यस्ता अनुसन्धानमा मूलतः शाब्दिक तथ्यङ्कको प्रयोग गरिन्छ तसर्थ यस्ता अनुसन्धान गुणत्मक प्रकृतिका हुन्छन् (पृ: ७) । यसरी हर्दा भाषिक र भाषा शैक्षणिक क्षेत्रका अनुसन्धानमा पनि परिमाणत्मक विधि उपयोग गर्नुपर्ने आवश्यकता हुन्छ । आवश्यकता अनुसार परिमाणात्मक र गुणात्मक दुवै विधि एकै अनुसन्धानमा प्रयोग हुनसक्ने भएकाले भाषिक अनुसन्धानमा मिश्रित विधिको प्रयोग नै बढी व्यावहारिक हुने देखिन्छ । मिश्रित बिधि भन्नु नै परिमाणात्मक र गुणात्मक बिधिको संयुक्त रूप भएकाले भाषिक अनुसन्धानका क्षेत्रमा परिमाणात्मक बिधि अभिन्न बनेर प्रकट हुने गरेको देखिन्छ ।

**निष्कर्ष**

नयाँ विषयको खोजका लागि विभिन्न प्रकारका विधिहरू अपनाइन्छ । अनुसन्धान कार्य गर्दा कहिले कुनै स्थापित सिद्धान्तलाई आधार मानिन्छ भने कहिले विभिन्न व्यवहारको अध्ययन गरी निष्कर्षमा नयाँ सिद्धान्तको प्रतिपादन गरिन्छ । पूर्वस्थापित सिद्धान्तको प्रकाशमा अनुसन्धान गर्नु र सिद्धान्तका सुधारात्मक पक्ष अपनाई परिणामको सामान्यीकरण गर्न परिमाणत्मक विधि नै बढी वैज्ञानिक हुने देखिन्छ, तर पनि यसलाई वस्तुगत बनाउने नाममा हुन जाने यन्त्रिकताको सम्भावना घटाउन परिमाणात्मक खोजका निष्कर्षमा सामाजिक आदि कारण पर्गेली समावेश गर्न सके झन् प्रभावकारी हुने देखिन्छ ।

## सन्दर्भ सूची

खनाल, पेशल (२०७४), *शैक्षिक अनुसन्धान पद्धति,*सनलाइट पब्लिकेशन ।

पराजुली, तीर्थ, ज.ब.रा., स्वयम्प्रकाश, रञ्जितकार, किरणराम र भट्ट, टिकेन्द्र (सन् २०१३) *अनुसन्धान पद्धति,* हेरिटेज पब्लिकेशन ।

भट्टराई, रामप्रसाद (२०७३), *भाषिक अनुसन्धान विधि,* शुभकामना प्रकाशन ।

राय, पारस नाथ (सन् २००१), *अनुसन्धान परिचय,* लक्ष्मी नारायण अग्रवाल ।

लामिछाने, कपिल (२०७४) *गणित शिक्षामा गुणात्मक अनुसन्धान विधि,* सनसाइन पब्लिकेशन ।

Subedi, Puspa kamal (2012), *Foundation for scientific research*, RATNA PUSTAK BHANDAR